# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, पौष १७ गते २०२४ साल [ संख्या ३७


श्री ५ को सरकार

गृह पञ्चायत–मन्त्रालयको

### सूचना

भ्रष्टाचार निवारण ऐन, २०१७ (संशोधनसहित) को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले धवलागिरी अञ्चल अन्तर्गत डोल्पा जिल्ला पञ्चायत कार्यालयका प्रमुख जिल्ला अधिकारीलाई डोल्पा जिल्लामा प्रयोग गर्न पाउने गरी स्थायीरूपमा विशेष प्रहरी अधिकृत (विशेष पुलिस अफिसर) को अधिकार र कर्तव्य सुम्पेको छ ।

आज्ञाले–

उपरथी छेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

गृह पञ्चायत–मन्त्रालयको

## सूचना

सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ सरकारले उक्त ऐनको दफा ३ बमोजिमको सबै अधिकार धवलागिरी अञ्चल अन्तर्गत डोल्पा जिल्ला भित्र प्रयोग गर्न पाउने गरी डोल्पा जिल्ला पञ्चायत कार्यालयका प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको छ ।

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

५३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।